वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
bhanjyangnews.com
भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई
LIKE, FOLLOW
गर्दै गर्नुहोस !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १८४ | २०८३ कात्तिक २७ गते शुक्रबार, नेपाल सम्वत् ११४७ November 13, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



बन्दीपुरमा राष्ट्रिय झण्डा सार्वजनिक

पर्यटकीय नगरी तनहुँको बन्दीपुरमा विहीबार एक कार्यक्रमका बीच विशाल राष्ट्रिय झण्डा सार्वजनिक गरिदै। बन्दीपुर गाउँपालिका-१ तल्लोटारमा ६७ फिट अग्लो विशाल राष्ट्रिय झण्डासहितको पार्क निर्माण गर्ने उद्देश्यले नमुना युवा क्लवले उक्त झण्ड सार्वजनिक गरिएको हो । पृथ्वीराजमार्ग नजिकै निर्माणाधीन पार्कमा हालसम्म १५ लाख रूपैयाँभन्दा बढीको काम सम्पन्न भएको बताइएको छ । स्थानीयको श्रमदानबाट निर्माण भइरहेको पार्कका लागि आर्थिक सहयोग जुटाउन बिहीबार बन्दीपुर बजारमा विशाल झण्डा प्रदर्शन गर्दै देउसीभैलोसमेत खेलिएको र करिब ८९ हजार रूपैयाँ आर्थिक संकलन भएको बताइएको छ । पोखरा-काठमाडौं आउजाउ गर्ने यात्रु तथा पर्यटकलाई आकर्षित गरी बन्दीपुरको पर्यटन प्रवर्द्धनमा थप योगदान पुग्ने विश्वास गरिएको छ ।

तस्विर : भञ्ज्याङ

पाँच रोपनीमा सयपत्री फूलखेती, मासभन्दा सात गुणा बढी आम्दानी

भञ्ज्याङ समाचारदाता/भानु

परम्परागत रूपमा मासखेती गर्दै आएको पाँच रोपनी जमिनमा सयपत्री फूलखेती गर्दा तनहुँको भानु नगरपालिका-२ दाहालटारका सुभाष रेग्मी दम्पतीले सात गुणाभन्दा बढी आम्दानी लिन सफल भएका छन् । सोही जमिनमा मासखेती गर्दा २५ देखि ३० हजार रूपैयाँसम्म आम्दानी हुने गरेकामा यस वर्ष सयपत्री फूल बिक्रीबाट दुई लाख रूपैयाँ बराबरको आम्दानी भएको रेग्मीले बताएका छन् ।

कृषिबाट राम्रो आम्दानी गर्न सकिने सम्भावना देखेपछि रेग्मी दम्पतीले तिहारलाई लक्षित गरी पाँच रोपनी क्षेत्रफलमा व्यावसायिक फूलखेती गरेका थिए । यस वर्ष फूल बिक्रीबाट चार लाख रूपैयाँ आम्दानी गर्ने लक्ष्य राखिए पनि फूल फुल्ने समयमा लगातार वर्षा हुँदा उत्पादन र बिक्री प्रभावित भएको उनले बताए ।

फूलखेतीबाट तुलनात्मक रूपमा बढी आम्दानी हुनुका साथै बजार व्यवस्थापन पनि सहज रहेको रेग्मीको अनुभव छ । उत्पादित फूल माला उन्नुपर्ने झन्झटबिना सिधै प्रतिकिलोका दरले बिक्री गर्न सकिने उनलेब ताए । रेग्मीले प्रतिकिलो ३०० देखि ५०० रूपैयाँसम्ममा फूल बिक्री गरेका थिए ।

यस वर्ष उत्पादित फूलमध्ये करिब ९० प्रतिशत काठमाडौं पठाइएको छ । राजधानीमा सयपत्री फूलको माग राम्रो रहेकाले स्थानीय बजारमा मात्रै निर्भर हुनुपर्ने अवस्था नरहेको रेग्मीले बताए । करिब ५०० किलो फूल बिक्रीबाट दुई लाख रूपियाँ आम्दानी भएको उनको भनाइ छ । स्वदेशमै उत्पादित फूलले बजार पाउने



वातावरण बनेमा किसानका लागि फूलखेती राम्रो आम्दानीको माध्यम बन्न सक्ने उनले बताए ।

भानु नगरपालिकामा जनस्वास्थ्य निरीक्षकका रूपमा कार्यरत रेग्मीले कार्यालयको जिम्मेवारीसँगै बिहान र बेलुकाको खाली समय कृषि कर्ममा लगाउँदै आएका थिए । बिहान हिंडेर समय बिताउनुभन्दा बारीमा श्रम गर्दा शारीरिक व्यायामसँगै उत्पादन र आम्दानीसमेत हुने भएपछि उनले श्रीमती अञ्जना अधिकारी रेग्मीसँग मिलेर फूलखेती सुरू गरेका थिए ।

उनले भने, "स्वस्थ रहन शारीरिक श्रम आवश्यक छ । बिहान हिँडेर समय बिताउनुभन्दा बारीमा काम गर्दा शरीर पनि सक्रिय हुन्छ र उत्पादन पनि हुन्छ । यसबाट परिवारको आम्दानी बढाउन तथा आत्मनिर्भर बन्न सहयोग पुग्छ।"

फूलखेतीमा रेग्मीलाई श्रीमती अञ्जनाले पनि उत्तिकै साथ दिएकी थिइन् । फूल रोप्ने, गोडमेल गर्ने, सिँचाइ तथा हेरचाह गर्नेदेखि बिक्री व्यवस्थापनसम्म दुवै जना संलग्न हुँदै आएका थिए । घरायसी कामसँगै समय मिलाएर कृषि कर्म गर्दा आम्दानीको अतिरिक्त स्रोत सिर्जना भएको अञ्जनाले बताइन्।

फूलबारीमा सयपत्री ढकमक्क फुलेपछि स्थानीय बासिन्दासँगै अन्य ठाउँका मानिसको आकर्षणसमेत बढेको छ । फूलबारीमा तस्बिर खिच्न तथा सामाजिक सञ्जालका लागि भिडियो बनाउन विभिन्न ठाउँबाट मानिस आउने गरेका छन् ।

रेग्मी दम्पतीले फूलखेतीसँगै छ रोपनी जमिनमा उखुखेती र तीन सय वटा कागतीका बिरूवासमेत लगाएका छन् । एउटै खेतीमा निर्भर नभई विभिन्न कृषि उत्पादनमार्फत आम्दानीका स्रोत विस्तार गर्ने उनिहरूको योजना छ। पेसागत जिम्मेवारीसँगै कृषि कर्मलाई निरन्तरता दिँदै आएका रेग्मीले समय र मेहनतको सदुपयोग गर्न सके स्वदेशमै कृषि व्यवसायबाट राम्रो आम्दानी गर्न सकिने बताए ।

माइक्रोबस दुर्घटना हुँदा एकै परिवारका ६ जनासहित १४ जनाको मृत्यु

भञ्ज्याङ समाचारदाता/तनहुँ

मकवानपुरको भीमफेदी गाउँपालिका-६ चिसापानीगढीमा विद्युतीय माइक्रोबस दुर्घटना हुँदा एकै परिवारका छ जनासहित १४ जनाको मृत्यु भएको छ । काठमाडौंबाट छठ पर्व मनाउन सर्लाही जाँदै गरेको माइक्रोबस सडकबाट करिब पाँच सय मिटर तल खस्दा छ जना घाइते भएका



छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेका अनुसार दुर्घटनामा सर्लाहीको चक्रघट्टा गाउँपालिका-४ सुन्दरपुरटोलका अवधेश यादवकी श्रीमती ३५ वर्षीया पुनम देवी यादव र उहाँका छोरीहरू १० वर्षीया अनुकुमारी, सात वर्षीया दीक्षा र पाँच वर्षीया दीपिकाको मृत्यु भएको छ । सोही दुर्घटनामा अवधेशका दुई भाइको पनि ज्यान गएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा ज्यान गुमाउने अन्यमा माइक्रोबस चालक सर्लाहीको कविलासी गाउँपालिका-८ का ३० वर्षीय रविशंकर कुमार मण्डल, चक्रघट्टा-४ का २६ वर्षीय विकेश यादव, ३५ वर्षीय गुड्डु यादव, उनकी श्रीमती गायत्रीदेवी यादव, रामदुलार यादव, सुबोध यादव, रोहन यादव, राकेश यादव, छोटु यादव र सुदेश यादव रहेका छन्।

दुर्घटनामा ३३ वर्षीय मुकेश यादव, पाँच वर्षीय सक्षम कुमार यादव, तीन वर्षीय सुजन यादव, ३१ वर्षीय बेचु भन्ने देवेन्द्र राय, २६ वर्षीय देवेन्द्र राय र १४ महिनाका सुदीप यादव घाइते भएका छन् ।

प्रहरीका अनुसार घाइतेमध्ये मुकेश, सक्षम र २६ वर्षीय देवेन्द्र उपचारपछि अस्पतालबाट डिस्चार्ज भएका छन् । सुजन र सुदीपलाई थप उपचारका लागि काठमाडौंस्थित मेडिसिटी अस्पताल तथा ३१ वर्षीय देवेन्द्रलाई भरतपुरस्थित मनकामना अस्पताल पठाइएको छ ।

मधेस प्रदेश ०३-००१ ज ०८८० नम्बरको विद्युतीय माइक्रोबस दुर्घटनाको कारण खुल्न सकेको छैन । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

सम्पादकीय .....

www.bhanjyangnews.com

स्वास्थ्य अधिकार : कागजबाट व्यवहारसम्म

नेपालको संविधानले स्वास्थ्यलाई मौलिक अधिकारका रूपमा स्थापित गरेको एक दशक पूरा हुँदै गर्दा एउटा मूल प्रश्न अझै अनुत्तरित छ- के नागरिकले त्यो अधिकार व्यवहारमा अनुभूति गर्न पाएका छन् ? संविधानले निःशुल्क आधारभूत स्वास्थ्य सेवा, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य तथा स्वास्थ्यसम्बन्धी जानकारीको अधिकार सुनिश्चित गरेको छ । तर, कागजी प्रत्याभूति र नागरिकको दैनिक अनुभवबीच अझै पनि ठूलो दूरी विद्यमान छ । संघीय शासन प्रणाली लागू भएसँगै स्वास्थ्य सेवा तीन तहमा बाँडिएको छ- संघीय तहमा नीति, प्रदेशमा समन्वय र स्थानीय तहमा सेवा प्रवाह । यस व्यवस्थाले स्वास्थ्य सेवा घरदैलोमै पुग्ने अपेक्षा गरिएको थियो । केही क्षेत्रमा सकारात्मक उपलब्धि पनि देखिएका छन् । खोप कार्यक्रमको विस्तार, मातृ तथा शिशु मृत्युदरमा आएको कमी, महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको सुदृढीकरण तथा परिवार नियोजन र पोषण सेवाको विस्तारले ग्रामीण तहसम्म स्वास्थ्य सेवाको पहुँच विस्तार भएको छ । स्वास्थ्य बीमा कार्यक्रमले पनि सीमित रूपमा भए पनि नागरिकलाई राहत दिएको छ ।

तर, उपलब्धिको यो तस्वीर पूर्ण छैन । दुर्गम क्षेत्रका नागरिक अझै सामान्य उपचारका लागि घण्टौं हिँड्न बाध्य छन् । धेरै स्वास्थ्य संस्थामा दक्ष जनशक्ति, आवश्यक उपकरण र औषधिको अभाव छ । कतिपय स्थानमा भवन बनेका छन्, तर सेवा प्रभावकारी छैन । शहर र गाउँबीचको गुणस्तरीय स्वास्थ्य सेवाको खाडल अझै गहिरो छ । निजी अस्पतालको महँगो उपचार र सरकारी अस्पतालको भीडबीच सर्वसाधारण नागरिक अन्योलमा परेका छन् । स्वास्थ्य बीमा कार्यक्रमसमेत अपेक्षाअनुसार प्रभावकारी बन्न सकेको छैन । बीमित नागरिकले सेवा लिन खोज्दा औषधि अभाव, ढिलासुस्ती र प्रशासनिक जटिलताले निराशा थपेको छ । यसले प्रणालीप्रति विश्वास कमजोर बनाउँदै लगेको छ, जुन दीर्घकालीन रूपमा झनै घातक हुन सक्छ । अर्कोतर्फ, नेपालको स्वास्थ्य क्षेत्र नयाँ प्रकृतिका चुनौतीसँग जुधिरहेको छ । सरूवा रोग नियन्त्रणमा प्रगति भए पनि नसर्ने रोग- मधुमेह, उच्च रक्तचाप, मुटुरोग र क्यान्सर- तीव्र रूपमा बढिरहेका छन् । बदलिँदो जीवनशैली, अस्वस्थ खानपान र शारीरिक निष्क्रियता यसको प्रमुख कारण हुन् । साथै, मानसिक स्वास्थ्य समस्या पनि गम्भीर बन्दै गएको छ । विशेषगरी युवापुस्तामा बढ्दो तनाव, डिप्रेसन र आत्महत्याका घटनाले स्वास्थ्य प्रणालीलाई नयाँ दृष्टिकोणबाट पुनःसंरचना गर्न बाध्य बनाएको छ ।

तनहुँ जिल्लाको अवस्था यस सन्दर्भमा प्रतिनिधिमूलक उदाहरण हो । संरचनागत रूपमा १ सयभन्दा बढी स्वास्थ्य संस्था सञ्चालनमा रहे पनि सेवा गुणस्तर र पहुँचमा समस्या कायमै छ । नसर्ने रोगको बढ्दो चाप, मानसिक स्वास्थ्य समस्या र मातृ स्वास्थ्यका कमजोर सूचकहरूले स्वास्थ्य प्रणालीमाथि प्रश्न उठाएका छन्। संस्थागत प्रसूति दर घट्नु, आइरन चक्की सेवन दर न्यून हुनुजस्ता तथ्यांकले आधारभूत सेवामा समेत सुधार आवश्यक रहेको संकेत गर्छन् । यद्यपि, खोप कार्यक्रम र क्षयरोग नियन्त्रणमा देखिएको प्रगति आशा जगाउने पक्ष हुन् । अब प्रश्न उठ्छ–समाधान के ? पहिलो, स्वास्थ्य सेवा विस्तार मात्र पर्याप्त छैन, यसको गुणस्तर र समान पहुँच सुनिश्चित गर्नु आवश्यक छ । दुर्गम क्षेत्रमा पूर्वाधार निर्माणसँगै दक्ष जनशक्ति व्यवस्थापन अनिवार्य छ । दोस्रो, स्वास्थ्य बीमा प्रणालीलाई प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन सुधार अपरिहार्य छ । तेस्रो, नसर्ने रोग रोकथामका लागि जनचेतनामूलक अभियान, स्वस्थ जीवनशैली प्रवर्द्धन र नियमित स्क्रिनिङ कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ । चौथो, मानसिक स्वास्थ्य सेवाको विस्तार अब विलासिता होइन, आवश्यकता बनिसकेको छ ।

त्यसैगरी, डिजिटल प्रविधि, टेलिमेडिसिन र कृत्रिम बुद्धिमत्ताको प्रयोगले दुर्गम क्षेत्रमा विशेषज्ञ सेवा पुऱ्याउने सम्भावना बढाएको छ । तर, यस्ता नवीन अभ्यासलाई प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट समन्वय, पर्याप्त बजेट र कडाइका साथ कार्यान्वयन आवश्यक हुन्छ । अन्ततः स्वास्थ्य सेवा केवल नीति र कार्यक्रमको विषय होइन, यो राज्यको दायित्व र नागरिकको आधारभूत अधिकार हो । संविधानले मार्ग देखाइसकेको छ, तर त्यसलाई व्यवहारमा रूपान्तरण गर्ने जिम्मेवारी राज्यका सबै तहले साझा रूपमा वहन गर्नुपर्छ । जबसम्म नागरिकले सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्दैनन्, तबसम्म स्वास्थ्य अधिकारको वास्तविक अर्थ अधुरै रहनेछ । अब समय आएको छ- स्वास्थ्य अधिकारलाई कागजबाट व्यवहारमा उतार्ने ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

टिमुर : आम्दानी बढाउँछ, मानव-वन्यजन्तु द्वन्द्व घटाउँछ

काँडेदार र सुगन्धित टिमुरको व्यावसायिक खेतीले मध्यपहाडमा वन्यजन्तुबाट हुने बाली क्षति घटाउन, सामुदायिक वनको संरक्षण गर्न र स्थानीय समुदायको आम्दानी बढाउन सहयोग पुऱ्याउन सक्छ । नेपालमा पछिल्ला दशकमा वन क्षेत्रको पुनर्स्थापना, सामुदायिक वन व्यवस्थापन र स्थानीय समुदायको संरक्षण प्रयासले वन तथा जैविक विविधताको संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। वनको अवस्था सुधारिँदै जाँदा वन्यजन्तुका लागि बासस्थान र आहारको उपलब्धतामा समेत सुधार भएको छ। तर, वन र बस्तीबीचको अन्तरसम्बन्ध बढ्दै जाँदा विशेषगरी मध्यपहाडका किसानले वन्यजन्तुबाट हुने बाली क्षतिको समस्या पनि भोगिरहेका छन् ।

बाँदर, जङ्गली बँदेलगायत वन्यजन्तुले मकै, कोदो, आलु, तरकारी तथा अन्य कृषि बालीमा क्षति पुऱ्याउँदा बढी क्षति हुने स्थानमा टिमुरको खेती वा वृक्षरोपणले वैकल्पिक आम्दानीको स्रोत सिर्जना गर्नुका साथै बाली क्षति न्यूनीकरणमा पनि सहयोग पुऱ्याउन सक्छ।

टिमुरको परिचय, वितरण र उपयोग

टिमुर रूटेसी परिवारमा पर्ने करिब ३ मिटर उचाइसम्म बढ्ने काँडेदार, झाडी वा सानो रूखका रूपमा बढ्ने बहुवर्षीय वनस्पति हो। यसको वैज्ञानिक नाम Zanthoxylum armatum हो। यसको पातको डाँठमा विशिष्ट सुगन्ध हुन्छ। पातहरू एकान्तर रूपमा पलाएका, केही पखेटाजस्ता संरचना भएका र पातको फेदमा काँडेदार उपपर्ण रहेका हुन्छन्। यसका पातहरू विषमपक्षीय संयुक्त हुन्छन् र प्रत्येक पातमा ३ देखि ९ वटासम्म पत्रक हुन्छन्। पत्रकको किनारामा रातो रङका दाँतेदार संरचना हुन्छन्।

यसका फूलहरू साना, सेतोपन मिसिएका रङका तथा खुकुलो फूलको गुच्छामा फुल्ने गर्छन्। फल गोलाकार, पाकेपछि रातो रङको हुने तथा परिपक्व भएपछि दुई भागमा फुट्ने प्रकृतिको हुन्छ। फलको आकार करिब ३ देखि ४ मिलिमिटर हुन्छ र यसमा विशिष्ट सुगन्ध पाइन्छ।



टिमुर नेपालको पूर्वदेखि पश्चिमसम्मका पहाडी क्षेत्रमा समुद्री सतहबाट करिब १,००० देखि २,५०० मिटर उचाइसम्म प्राकृतिक अवस्थामा पाइन्छ। यो विशेषगरी खेतीयोग्य जमिनको डिल तथा सिमानामा पनि उम्रने गर्छ।

नेपालको मध्यपश्चिमी पहाडी क्षेत्रमा टिमुर प्रशस्त मात्रामा पाइन्छ। नेपालका विभिन्न पहाडी जिल्लामा यसको संकलन र खेती गरिन्छ। सल्यानलगायत जिल्लामा टिमुर उत्पादन तथा व्यापारले स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याएको छ।

टिमुरको फल सामान्यतया असोजदेखि पुस महिनासम्म संकलन गरिन्छ र यसको फल नै मुख्य रूपमा व्यापारिक प्रयोजनका लागि उपयोग गरिन्छ । टिमुरका फल साना, सिमीको दानाजस्ता आकारका तथा कालो वा खैरो रङका हुन्छन्। तिनमा सुगन्धित तेल पाइन्छ र स्वादमा पिरो तथा जिब्रो लठ्याउने (झमझमाउने) विशेषता हुन्छ। अधिकांश फल दुई भागमा फुटेका भए पनि ती भागहरू पूर्ण रूपमा छुट्टिएका हुँदैनन्। फलसँगै कहिलेकाहीँ गाढा खैरो रङको बीउ पनि रहेको हुन्छ।

आयुर्वेदिक चिकित्सा पद्धतिमा टिमुरको फल टाउको दुखाइ र दाँत दुखाइको उपचारमा प्रयोग गरिन्छ। टिमुर नेपाली खानामा अचार, तरकारी, मासु तथा विभिन्न परिकारमा मसलाका रूपमा प्रयोग हुन्छ। यसको प्रयोग कीटनाशकका रूपमा पनि गरिन्छ। टिमुरको फलबाट निकालिने सुगन्धित तेल औषधिजन्य उत्पादन, सुगन्धित पदार्थ, सौन्दर्य प्रसाधन तथा सरसफाइसम्बन्धी उत्पादनमा समेत उपयोग हुने गरेको छ।

बजार माग र सामुदायिक वनमा आर्थिक अवसर

टिमुर नेपालका महत्त्वपूर्ण व्यावसायिक जडीबुटी तथा गैरकाष्ठ वन पैदावारमध्ये एक हो। यसको सुगन्ध र स्वादका कारण नेपाली भान्सा र बजारमा यसको राम्रो माग छ। टिमुरको व्यावसायिक महत्त्व बढ्दै जाँदा नेपालमा संकलन हुने टिमुरको ठूलो हिस्सा कच्चा या सुकाइएको फलका रूपमा भारततर्फ निर्यात हुने गरेको छ।

यसले मध्यपहाडका किसान, संकलक, सामुदायिक वन उपभोक्ता समूह र जडीबुटी व्यवसायीका लागि आम्दानीको अवसर सिर्जना गरेको छ । सुकाइएको फलको संकलन, प्रशोधन, प्याकेजिङ र बिक्रीबाट किसान तथा सामुदायिक वन उपभोक्ता समूहले राम्रो आम्दानी गर्न सक्छन्। सन् २०२२ मा प्रकाशित एक अनुसन्धानले नेपालबाट वार्षिक करिब १,४०० देखि १,७०० मेट्रिक टन कच्चा टिमुर निर्यात हुने अनुमान प्रस्तुत गरेको छ। यसै अध्ययनअनुसार टिमुरबाट निकालिने आवश्यक तेलको निर्यात वार्षिक करिब ३.५ देखि ७.७ मेट्रिक टन रहेको अनुमान छ ।

टिमुरको बजार मूल्य पनि यसको गुणस्तर, बीउसहित वा बीउरहित अवस्थाको उत्पादन, सुकाउने तरिका, आपूर्ति र बजारअनुसार फरक पर्छ। एसिया नेटवर्क फर सस्टेनेबल एग्रिकल्चर एन्ड बायोरिसोर्सेसको जुन २०२६ को

बाँकी तेश्रो पेजमा

तपाईको आज

मेष
दिगो फाइदा हुने काम प्रारम्भ होला । साझेदारीबाट पनि फाइदा उठाउन सकिनेछ ।

वृष
शारीरिक कमजोरीले चिन्ता बढाउनेछ भने परिस्थितिवश चिताएको काम रोकिन सक्छ ।

मिथुन
रोकिएका काम दोहोर्याउनुपर्ला । आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन् ।

कर्कट
मिहिनेतको फल प्राप्त हुनेछ। साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ।

सिंह
शत्रुहरू परास्त हुनेछन् । व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ ।

कन्या
सामाजिक कार्यले हौसला प्रदान गर्नेछ । भूमि, वाहन र कर्मयोगबाट लाभ मिल्नेछ ।

तुला
रचनात्मक कामले मनग्गे धन आर्जन हुनेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ ।

वृश्चिक
प्रेम र मित्रताको बन्धन कसिने समय छ । आतिथ्यपूर्ण सम्मान पनि प्राप्त हुनेछ ।

धनु
अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ । हातमा आएको रकम तत्काल खर्चनुपर्नेछ ।

मकर
बौद्धिक व्यक्तिहरूसँग प्रतिस्पर्धा हुन सक्छ । मेहनत गर्दा अध्ययनमा प्रगति हुनेछ ।

कुम्भ
गलत व्यक्तिको विश्वास गर्नाले धोका हुन सक्छ। पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला।

मीन
व्यवसायमा लगानी बढाउनुपर्ने समय छ । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ ।



बन्दीपुरमा पर्यटकको चहलपहल : पहाडकी रानी उपनामले परिचित तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा घुमफिरको याम सुरू भएसंगै आन्तरिक तथा वाह्य पर्यटकको आवगमलन बढ्दै गएको छ । यहाँको प्राकृतिक, परम्परागत साँस्कृतिक, धार्मिक, हरियाली तथा शान्तिपूर्ण वातावरणले पर्यटकलाई आकर्षित गर्ने गर्दछ । *तस्विर : भञ्ज्याङ*

टिमुर : आम्दानी बढाउँछ .....

गैरकाष्ठ वन पैदावार मूल्यसूचीअनुसार राम्रो गुणस्तरको सुकाइएको टिमुरको संकेतात्मक मूल्य काठमाडौँमा प्रतिकिलो रू. ९७५ र नेपालगन्जमा प्रतिकिलो रू. ६४० छ ।

टिमुरको अर्को उच्च मूल्ययुक्त उत्पादन आवश्यक तेल हो। सन् २०२२ को अनुसन्धानमा टिमुरको आवश्यक तेलको अन्तर्राष्ट्रिय बजार मूल्य प्रतिकिलो अमेरिकी डलर ११०-१३० को दायरामा उल्लेख गरिएको छ। नेपालका हर्बल प्रोडक्ट्स एन्ड प्रोसेसिङ कम्पनी लिमिटेडको वेबसाइटमा टिमुरको तेलको मूल्य प्रतिकिलो रू. १५,००० उल्लेख छ। तर, बजार मूल्य र माग उत्पादनको गुणस्तर, उपलब्धता, प्रशोधन, ढुवानी तथा बजार सम्पर्कमा निर्भर हुन्छ। यसले टिमुरको बजार र कारोबार मूल्यको एउटा उदाहरण दिन्छ ।

यी तथ्याङ्कले टिमुरलाई केवल प्राकृतिक वनबाट संकलन गरिने जडीबुटीका रूपमा मात्र नभई व्यावसायिक खेती, स्थानीय प्रशोधन र मूल्य अभिवृद्धिसँग जोड्नुपर्ने आवश्यकता देखाउँछन्। नेपाल सरकारले टिमुरको खेती तथा संरक्षणलाई प्राथमिकतामा राखेको छ । सामुदायिक वन उपभोक्ता समूहले योजनाबद्ध खेती, गुणस्तरीय उत्पादन, सुकाउने तथा भण्डारण प्रविधि, सहकारीमार्फत बिक्री र आवश्यक तेल उत्पादन गर्ने उद्योगसँग सहकार्य गर्न सके स्थानीयस्तरमै बढी आर्थिक लाभ सिर्जना गर्न सक्छन्। यसबाट वनमा आधारित उद्यम विकास हुनुका साथै प्राकृतिक वनमा निर्भर संकलनको दबाब घटाउन पनि सहयोग पुग्न सक्छ ।

हाल धेरै स्थानमा टिमुर प्राकृतिक वनबाट संकलन गरिने भएकाले यसको अत्यधिक वा अव्यवस्थित संकलनले प्राकृतिक पुनरूत्पादनमा दबाब पार्न सक्छ। त्यसैले व्यावसायिक खेती विस्तार गर्नु, गुणस्तरीय बिरूवा उत्पादन गर्नु, उपयुक्त समयमा फल संकलन गर्नु र दिगो संकलन प्रणाली विकास गर्नु आवश्यक छ ।

सामुदायिक वनमा टिमुरलगायत बहुमूल्य गैरकाष्ठ वन पैदावारको योजनाबद्ध खेती गर्न सके उपभोक्ता समूहले वन संरक्षणसँगै आयआर्जनका अवसर विस्तार गर्न सक्छन् । यसले स्थानीय रोजगारी, महिला तथा युवाको सहभागिता र वनमा आधारित उद्यम विकासमा समेत सहयोग पुऱ्याउन सक्छ । यसका लागि सामुदायिक वन उपभोक्ता समूह, स्थानीय सरकार, वन प्राविधिक, किसान समूह र निजी क्षेत्रबीच सहकार्य आवश्यक छ ।

बेलापाखा सामुदायिक वन : अभ्यासबाट सिकाइ

काभ्रेपलाञ्चोक जिल्लाको बेलापाखा सामुदायिक वन उपभोक्ता समूहले वन्यजन्तु, विशेषगरी जङ्गली बँदेलबाट हुने क्षति न्यूनीकरण र वनमा आधारित वैकल्पिक आम्दानीका लागि टिमुर तथा तेजपातको वृक्षरोपण गरेका छन्। यस सामुदायिक वनले करिब १६१.५३ हेक्टर क्षेत्रफलमा साल र सल्ला मिश्रित वन व्यवस्थापन गर्दै आएको छ। यहाँ ३३१ घरधुरीका करिब १,२७० जनसंख्या आबद्ध छन् ।

वन्यजन्तुबाट हुने बाली तथा बिरूवाको क्षति कम गर्दै वैकल्पिक आयस्रोत विकास गर्ने उद्देश्यले समूहले २०७९ सालमा सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल र डिभिजन वन कार्यालय, काभ्रेपलाञ्चोकको सहयोगमा ५,००० टिमुरका बिरूवा रोपण गरेका थिए। प्रारम्भिक चरणमा केही बिरूवा बँदेलबाट उखेलिएर वा नष्ट भएर क्षति भए पनि समूहले पुनःरोपणलाई निरन्तरता दियो। २०८२ सालमा थप १,५०० टिमुरका बिरूवा रोपिए।

यस प्रयासबाट उत्पादनमा क्रमिक वृद्धि देखिएको समूहको विवरण छ । २०८२ मा पाँच किलोग्राम ताजा टिमुर उत्पादन भएकोमा २०८३ मा ३० किलोग्राम उत्पादन भएको छ र आगामी वर्ष करिब १०० किलोग्राम उत्पादन हुने अपेक्षा गरिएको छ । टिमुरसँगै समूहले २०८३ मा डाबर नेपाल प्रालिको सहयोगमा २६,००० तेजपातका बिरूवा रोपेका थिए भने सन् २०८४ मा बँदेलबाट उखेलिएर नष्ट भएका थप ५,००० बिरूवा रोपेका छन् ।

तेजपातबाट आगामी वर्षहरूमा उत्पादन र आम्दानी प्राप्त हुने अपेक्षा गरिएको छ । टिमुर तथा तेजपातको वृक्षरोपण तथा फल संकलन कार्यलाई समन्वय र व्यवस्थित गर्न ३० सदस्यीय 'बेलापाखा टिमुर तथा मसला बाली उत्पादक कृषि समूह' उपसमिति गठन गरी पाँचखाल नगरपालिकामा दर्ता गरिएको छ।

बेलापाखाको यो अभ्यासले वन्यजन्तुबाट हुने क्षतिको चुनौतीबीच पनि समुदायले स्थानीय परिस्थिति अनुकूल खेती प्रणाली विकास गर्न, नष्ट भएका बिरूवा पुनःरोपण गर्न र वनमा आधारित वैकल्पिक आम्दानीका अवसर सिर्जना गर्न सक्ने देखाउँछ । यद्यपि, टिमुर खेतीले बँदेलबाट हुने क्षति वास्तवमै कति घटाएको छ भन्ने पुष्टि गर्न रोपणअघि र पछिको क्षतिको तुलनात्मक अभिलेख, वन्यजन्तुको गतिविधि र उत्पादनको नियमित अनुगमन आवश्यक छ।

अबको बाटो : संरक्षणसँगै सहअस्तित्व

टिमुर खेतीलाई मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणको सम्भावित उपायका रूपमा विकास गर्न सामुदायिक वन र स्थानीय सरकारले संयुक्त रूपमा काम गर्न सक्छन्। वन्यजन्तुबाट बढी क्षति हुने क्षेत्र पहिचान गरी टिमुर तथा अन्य स्थानीय रूपमा उपयुक्त सुगन्धित, कॉडेदार र व्यावसायिक महत्त्व भएका वनस्पतिको परीक्षणात्मक खेती विस्तार गर्न सकिन्छ ।

यसका लागि गुणस्तरीय बिरूवा उत्पादन, खेती प्रविधि, रोग तथा कीरा व्यवस्थापन, फल संकलन, सुकाउने, भण्डारण, प्रशोधन र बजार पहुँचसम्बन्धी तालिम आवश्यक छ । साथै, किसानले प्राप्त गर्ने वास्तविक आम्दानी र वन्यजन्तुबाट हुने क्षतिमा आएको परिवर्तनको नियमित अभिलेख राख्नुपर्छ। टिमुरलाई सबै ठाउँमा लागू हुने एकमात्र समाधानका रूपमा नभई अन्य बाली, जैविक अवरोध, बाली सुरक्षा र स्थानीय वन्यजन्तु व्यवस्थापन उपायसँग जोडेर अघि बढाउनु उपयुक्त हुन्छ।

वन संरक्षण र स्थानीय जीविकोपार्जन एकअर्काका प्रतिस्पर्धी होइनन्। सही योजना, स्थानीय ज्ञान, वैज्ञानिक प्रमाण र बजारको पहुँच जोड्न सके सामुदायिक वनले जैविक विविधता संरक्षण गर्दै समुदायको आर्थिक सुरक्षा बढाउन सक्छ ।

टिमुरको सम्भावना केवल एउटा मसला वा औषधिजन्य वनस्पतिमा सीमित छैन । यो मध्यपहाडमा वन संरक्षण, वैकल्पिक आम्दानी र मानव-वन्यजन्तु सहअस्तित्वलाई एकैसाथ अघि बढाउने सम्भावित माध्यम पनि हो। बेलापाखाको अनुभवलाई व्यवस्थित अनुगमन र थप अनुसन्धानसँग जोडेर विस्तार गर्न सके टिमुर खेतीले नेपालका सामुदायिक वन र वन्यजन्तु प्रभावित किसानका लागि नयाँ सम्भावनाको ढोका खोल्न सक्छ। अनलाइनखबरबाट(चापागाई सामुदायिक वन उपभोक्ता महासंघ, नेपालमा आबद्ध रही वन, वातावरण, वनस्पति तथा जडीबुटी संरक्षण, व्यवस्थापन र प्रवर्द्धनका क्षेत्रमा कार्यरत छन्।)

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

आइरन तथा फोलिक एसिड नियमित सेवन गरौं, स्वस्थ आमा र शिशुको सुनिश्चितता गरौं

गर्भावस्थामा आमा र शिशुको स्वास्थ्य तथा उचित विकासका लागि आइरन तथा फोलिक एसिडको नियमित सेवन आवश्यक हुन्छ ।

आइरन तथा फोलिक एसिड सेवनका फाइदाहरू :

- गर्भावस्थामा हुने रक्तअल्पता रोकथाम गर्न ।
- आमा र शिशुको स्वास्थ्य तथा पोषण सुधार गर्न ।
- शिशुको मस्तिष्क तथा मेरूदण्डको उचित विकासमा सहयोग गर्न
- शिशुमा हुने जन्मजात न्युरल ट्युबसम्बन्धी समस्याको जोखिम कम गर्न ।

गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू:

- स्वास्थ्यकर्मीको सल्लाहअनुसार दैनिक आइरन तथा फोलिक एसिड सेवन गर्ने ।
- तोकिएको मात्रा र अवधिसम्म नियमित सेवन गर्ने ।
- नियमित गर्भजाँच गराउने ।
- हरियो सागपात, गेडागुडी, फलफूल तथा अन्य पोषणयुक्त खानेकुरा खाने ।
- कुनै समस्या देखिएमा स्वास्थ्यकर्मीसँग परामर्श गर्ने ।

नियमित सेवन गरौं, रक्तअल्पताबाट बचौं, स्वस्थ आमा र स्वस्थ शिशुको भविष्य सुनिश्चित गरौं ।

प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँ
दमौली तनहुँ । गण्डकी प्रदेश

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास नगरपालिका-२, दमौली तनहुँ

फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

सम्बन्धित विरामीले विशेषज्ञ चिकित्सकद्वारा उपचार सेवा लिनुहोस

कात्तिक २८ गते शनिबार



प्रोफेसर डा. जय बहादुर खत्री
वरिष्ठ स्नायु, मानसिक, नशा तथा लागुऔषध रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख रोगहरू र लक्षणहरू:

१. मानसिक स्वास्थ्य सम्बन्धी समस्या:
- अत्यधिक तनाव, चिन्ता वा डर लाग्ने समस्या
- निद्रा नलाग्ने, बारम्बार झस्किने
- डिप्रेसन (अवसाद), एक्लोपन, निराशा
- अत्यधिक रिस उठ्ने वा आफैंलाई क्षति पुऱ्याउने सोच

२. स्नायु (Neurology) सम्बन्धी समस्या:
- झट्का लाग्ने (Epilepsy/Seizures)
- हातखुट्टा कमजोर वा चल्न नसक्ने - मस्तिष्क पक्षघात (Stroke)
- स्मरण शक्ति गुम्ने, बोली गडबड हुने
- पार्किन्सन, टाउको दुखाइ, चक्कर आदि

३. नशा र लागुऔषध दुर्व्यसन सम्बन्धी समस्या:
- मदिरा, चुरोट, गाँजा, ब्राउन सुगर, ट्याब्लेट आदिको लत
- नशा नपाउँदा बेचैनी, कम्पन, पसीना आउने
- नशा छोड्न कठिनाइ, बारम्बार प्रयत्न असफल हुने
- पुनःस्थापना र मनो-सामाजिक परामर्श आवश्यक पर्ने अवस्था
- समयमै जाँच गरौं, स्वस्थ मानसिकता र जीवनशैली अपनाऔं।
- शरीरको मात्र होइन, मनको पनि उपचार आवश्यक छ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।



जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



मानहुँकोटको आकर्षण

तनहुँको व्यास नगरपालिका-५ मा रहेको मानहुँकोट र त्यहाँबाट देखिका विभिन्न हिमश्रृंखलाका साथै बिहानको सयमा दमौलीमा बजार क्षेत्रमा लागेको कुहिरो । चिसो मौसम सुरू भएसंगै मनमोहक प्राकृतिक सुन्दरता अवलोकनका लागि आन्तरिक तथा वाह्यपर्यटकहरू मानहुँकोट पुग्ने गर्दछन् ।

तस्विर : आलोक कुमाल/भञ्ज्याङ

दानाको कच्चा पदार्थ महागिंदा पशुपन्छीजन्य उत्पादनको लागत बढ्या

मकै, भटमास र ढुटोको मूल्यमा भारी वृद्धि, दानाको लागत १५ प्रतिशत बढ्दा अण्डा, मासु र दूधको मूल्यमा समेत दबाब

भञ्ज्याङ समाचारदाता/चितवन

विदेशबाट आयात हुने मकै र भटमासको पिनाको मूल्य बढेपछि नेपालमा पशुपन्छीको दाना उत्पादन महँगिएको छ । दानाको लागत बढेसँगै कुखुरापालन, अण्डा उत्पादन, मासु तथा दूध उत्पादनको खर्चसमेत बढ्ने भएको छ। उत्पादन लागतमा भएको वृद्धिको दबाब अन्ततः उपभोक्तासम्म पुग्ने देखिएको छ ।

नेपाल दाना उद्योग संघका केन्द्रीय अध्यक्ष उमेश सापकोटाका अनुसार पछिल्लो १५ दिनमा दाना उत्पादनमा प्रयोग हुने प्रमुख कच्चा पदार्थको मूल्य अस्वाभाविक रूपमा बढेको छ । यस अवधिमा भारतबाट आयात हुने मकैको मूल्य प्रतिकिलो ३९ रूपैयाँबाट बढेर ५४ रूपैयाँ पुगेको छ । नेपाली मकैको मूल्य पनि प्रतिकिलो ३६ रूपैयाँबाट बढेर ५० रूपैयाँभन्दा माथि पुगेको छ ।

त्यस्तै, अमेरिका र बङ्गलादेशबाट आयात हुने भटमासको पिनाको मूल्य प्रतिकिलो ८७-८८ रूपैयाँबाट बढेर ९५-९६ रूपैयाँ पुगेको छ । दानामा प्रयोग हुने ढुटोको मूल्यसमेत प्रतिकिलो ३५ रूपैयाँबाट बढेर ४७ रूपैयाँ पुगेको छ । कुखुराको दाना उत्पादनमा मकै र भटमासको पिनाको हिस्सा ठूलो हुने भएकाले यी वस्तुको मूल्यवृद्धिले समग्र उत्पादन लागतमा असर पारेको हो । कुखुराको दानामा ५० देखि ६० प्रतिशतसम्म मकै र करिब २५ प्रतिशत भटमासको पिना प्रयोग हुने गर्छ । यसबाहेक तोरीको पिना, डिसिपी, ढुटो, मार्बल डस्ट, मिनरल र भिटामिन पनि मिसाइन्छ।

अध्यक्ष सापकोटाका अनुसार कच्चा पदार्थको मूल्यवृद्धिका कारण दानाको लागत मूल्य करिब १५ प्रतिशत बढेको छ । त्यसमाथि आयात प्रक्रियामा लाग्ने समय पनि बढेको छ । पहिले विदेशबाट आयात गरिएको भटमासको पिना ६० दिनमा नेपाल आइपुग्ने गरेकामा अहिले ९० दिनसम्म लाग्न थालेको छ । यसले ढुवानी तथा भण्डारण खर्चसमेत बढाएको उनले बताए।

नेपालमा भटमासजन्य पदार्थको वार्षिक खपत करिब तीन लाख ५० हजार मेट्रिक टन छ । यसको सम्पूर्ण माग तेस्रो मुलुकबाट आयात गरेर पूर्ति हुँदै आएको छ। मकैको वार्षिक खपत भने छ लाख ५० हजारदेखि सात लाख मेट्रिक



टनसम्म रहेको छ । यसमध्ये १५ देखि २० प्रतिशत भारतबाट आयात हुने र बाँकी स्वदेशी उत्पादनले धान्ने गरेको छ ।

भारतमा मकैको मूल्य बढेपछि त्यहाँबाट इथानोल उत्पादनका लागि मकैको माग बढेको छ । कुखुराको दानामा प्रयोग गर्न उपयुक्त नहुने कम गुणस्तरको मकैसमेत इथानोल उत्पादनका लागि भारत निर्यात हुन थालेको अध्यक्ष सापकोटाले जानकारी दिए ।

कच्चा पदार्थको मूल्यवृद्धि भएपछि दाना उत्पादकले ब्रोइलर कुखुराको दाना प्रतिकिलो पाँच रूपैयाँ र लेयर्स कुखुराको दाना चार रूपैयाँले बढाएका छन् । हाल बजारमा दानाको मूल्य प्रतिकिलो ५५ देखि ७५ रूपैयाँसम्म पुगेको छ। मूल्य समायोजन गरिए पनि वास्तविक उत्पादन लागत धान्न नसकिएको र थप मूल्य बढाउनुपर्ने अवस्था रहेको सापकोटाको भनाइ छ ।

अण्डा र मासु उत्पादनमा थप आर्थिक दबाब

दानाको मूल्य बढेपछि अण्डा उत्पादन गर्ने किसानसमेत थप आर्थिक दबाबमा परेका छन् । नेपाल लेयर्स कुखुरापालक सङ्घका केन्द्रीय अध्यक्ष विनोद पोखरेलका अनुसार दानाको लागत बढ्दा अण्डा उत्पादन खर्च प्रतिगोटा दुईदेखि तीन रूपैयाँसम्म बढेको छ ।

यसअघि बजार मूल्यलाई आधार मानेर अण्डाको उत्पादन लागत प्रतिगोटा १९ रूपैयाँ १२ पैसा कायम गरिएको थियो । दानाको लागत प्रतिकिलो करिब १० रूपैयाँसम्म बढ्ने अवस्था बनेपछि अण्डा उत्पादनको खर्चसमेत बढ्ने उनले बताए ।

लामो समयसम्म उत्पादन लागतअनुसार मूल्य नपाउँदा धेरै किसान व्यवसायबाट विस्थापित भइसकेका छन् । केही समयअघि मात्रै अण्डाको बजार मूल्य उत्पादन लागतको नजिक पुगेको अवस्थामा फेरि दानाको मूल्य बढेपछि बाँकी किसानसमेत संकटमा पर्ने पोखरेलको भनाइ छ ।

उनले भने, "छिट्टै लागत मूल्य पाउने वातावरण किसानलाई गराउन सकिएन भने बाँकी रहेका अण्डा उत्पादक किसान पनि विस्थापित हुन्छन् ।"

नेपालमा लेयर्स कुखुरापालन गर्ने ७५ प्रतिशतभन्दा बढी किसान विस्थापित भइसकेको संघको भनाइ छ । पुराना किसानले लगानी थप्नु र नयाँ किसान व्यवसायमा प्रवेश गर्नुका कारण अण्डाको उत्पादन बढेकाले अहिले बजारको माग धान्न सम्भव भएको पोखरेलले बताए । दानाको मूल्यवृद्धिको असर कुखुराको मासु र चल्ला उत्पादनमा समेत देखिएको छ । ह्याचरी उद्योग संघका केन्द्रीय अध्यक्ष राजेन्द्र लामिछानेका अनुसार दानाको लागत बढ्दा जिउँदो कुखुराको उत्पादन लागत प्रतिकिलो करिब २१० रूपैयाँबाट बढेर २३० रूपैयाँभन्दा माथि पुगेको छ ।

त्यस्तै, लेयर्स कुखुराको चल्ला उत्पादन लागत प्रतिगोटा १२० रूपैयाँबाट बढेर १५० रूपैयाँ पुगेको छ भने ब्रोइलर चल्लाको लागत ६५ रूपैयाँबाट बढेर ८० रूपैयाँ पुगेको छ । कच्चा पदार्थको मूल्यवृद्धिले कुखुरापालनमा मात्र नभई पशुपन्छीजन्य अन्य उत्पादनमा समेत असर पारेको लामिछानेले बताए । गाईभैंसीको दूध, माछा र बंगुर उत्पादनको लागतसमेत बढ्दै गएको उनको भनाइ छ ।

पशुपन्छीजन्य उत्पादनको लागत बढ्दै जाँदा किसानले उत्पादनको उचित मूल्य नपाउने पुरानै समस्या थप जटिल बन्ने देखिएको छ । उत्पादन लागतअनुसार बजार मूल्य समायोजन हुन नसके किसान व्यवसायबाट पलायन हुने र बजारमा उत्पादनको आपूर्तिसमेत प्रभावित हुन सक्ने व्यवसायीहरूको चिन्ता छ । दानाको कच्चा पदार्थमा आयात निर्भरता घटाउन स्वदेशमै मकै तथा भटमास उत्पादन विस्तार र किसानलाई बजारको सुनिश्चितता गर्नु अहिलेको प्रमुख चुनौती बनेको छ ।

facebook twitter



Vijay Kumar Panday
x.com/Vijaykumarko

तपाईंले पहिलो पटक किताब किन लेख्नुभयो? कसका लागि?

मेरो निम्ति किताब लेख्ने कुराले कागजमा अक्षर छर्ने अर्थमात्र राख्दैनथ्यो । म त आफ्नो मनको भारी अक्षरमार्फत पोखेर हलुका हुन चाहन्थें, मनभित्र बलेको आगो निभाउन चाहन्थें । कसैले पढिदेला, लेखकका रूपमा मेरो नाम चल्ला भन्ने आशले मात्र लेख्न चाहन्नथें । आफ्नो अन्तर्मनको आनन्द-'स्वान्तसुखाय'का निम्ति लेख्न चाहन्थें ।

तर मेरो मन, वचन, शरीर र पेसा एकआपसमा यति नराम्ररी विभक्त थिए कि लेख्न बस्दा मेरो कलमबाट अक्षर झर्दैनथ्यो । म विभक्त नभईकन लेख्न चाहन्थें । त्यही लेख्न चाहन्थें, जो म सोच्थें। मभित्र मन, वचन र शरीरमा अलग-अलग विभाजित जिन्दगी होइन, एकाकार जीवनको खोज थियो । मन, वचन र कर्मले पूरापुर एकाकार त सन्त मात्र हुन्छन् भन्ने थाहा नभएको होइन । जीवन एकोहोरो रेखामा होइन, प्याजझैं पत्रपत्रमा विभाजित छ भन्ने शंकर लामिछानेको 'एब्स्ट्र्याक्ट चिन्तन : प्याज' नपढेको होइन । यति सब हुँदाहुँदै पनि, म आफ्नै सुरमा हिँडिरहें भनूँ या बेसुरमा भौंतारिइरहें....

('खुसी'को पहिलो च्याप्टर 'प्रसव वेदना'बाट साभार। आभारी छु, यसका असंख्य पाठकप्रति । मेरा सुखदुःखका पानाहरूमा कतै न कतै पाठकले आफ्नै जीवनका सुखदुःखका छाया देखे । धन्य भएँ । मेरो जीवनको उज्यालोमात्र होइन, दाग पनि देखे । तैपनि माया गर्न छोडेनन् । धन्य भएँ। माया ठूलो हो । सबैभन्दा ठूलो ।

कुनै पनि उज्यालोभन्दा ठूलो, कुनै पनि अप्ठ्यारो र अन्धकारभन्दा ठूलो हो-माया ।)

शुक्लागण्डकीमा जिप दुर्घटना हुँदा ६ जना घाइते

भञ्ज्याङ समाचारदाता/दुलेगौडा

तनहुँको शुक्लागण्डकी नगरपालिका-११ गोटपानीमा बिहीबार जिप दुर्घटना हुँदा छ जना घाइते भएका छन् । दुलेगौडाबाट स्याङ्जाको चिसापानीतर्फ जाँदै गरेको ग१ज ७४१० नम्बरको बोलेरो जिप सडकबाट करिब ५० मिटर तल खसेर दुर्घटना भएको हो । जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेका अनुसार दुर्घटनामा जिप चालकसहित छ जना घाइते भएका छन् ।

घाइते हुनेमा जिप चालक स्याङ्जाको हरिनास गाउँपालिका-१ खैरिकोटका ३२ वर्षीय शिवबहादुर गुरूङ, २९ वर्षीय अमरबहादुर गुरूङ, ९४ वर्षीय रनबहादुर गुरूङ, ३९ वर्षीया निशा राना, ४८ वर्षीय चन्द्रबहादुर गुरूङ र ३४ वर्षीय मिलन गुरूङ रहेका छन् ।

दुर्घटनालगत्तै घटनास्थल पुगेको प्रहरी टोलीले घाइतेको उद्धार गरी उपचारका लागि तनहुँ सेवा अस्पताल दुलेगौडामा पठाएको जनाएको छ । जिपमा चालकसहित सात जना सवार रहेकामा एक जना भने सकुशल रहेका छन् । उनी दुर्घटनापछि आफ्नो गन्तव्यतर्फ गएको प्रहरीले जनाएको छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४